# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८१।१२।०७ गते।

## प्रेस विज्ञप्ति

**विषयः प्रतिवादी धर्मराज रोकाय रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः

- **प्रतिवादी धर्मराज रोकाय**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसूरमा रु.२,१९,०००।– बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन,

मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले निम्न आधारमा मिति २०८०।११।१५ को फैसलाबाट सफाई दिएको-ः

- प्रतिवादीले बयान गर्दा दोहोरो रुपमा वितरण भएको भत्ता रु.४,३८,०००।– बेरुजु शिर्षकबाट सरकारी खातामा जम्मा गरिसकेको छु भनी आरोपित कसूरमा ईन्कार रही वयान गरेको।
- बेरुजु शिर्षकमा रकम राष्ट्रिय वाणिज्य बैंक, सिमिकोटमा जम्मा गरेको मिसिल संलग्न भौचरबाट देखिएकोले आरोपदावी बमोजिमको कसुरबाट सफाई पाउने ।

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।१२।०७ मा पुनरावेदन गरिएको छः-

**देहायः**

क) जिल्ला हुम्ला, तत्कालीन लिमी गा.वि.स. सचिव धर्मराज रोकायाले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा आ.व. २०७०/०७१, २०७१/०७२ र २०७२/०७३ मा गरी जम्मा रु.४,३८,०००।- दोहोरो रुपमा सामाजिक सुरक्षा भत्ता वितरण गरेको मिसिल संलग्न रहेको, उक्त भत्ता बुझेको भरपाई कागजको प्रतिलिपीबाट देखिएको, हामीहरुले दोहोरो भत्ता कहिल्यै पनि लिएका छैनौ भनी भत्ता वुझ्ने ब्यक्तिहरु समेतले अनुसन्धानको क्रममा गरेको घटना बिबरण कागजबाट देखिएको, दोहोरो रुपमा वितरण भएको भत्ता रकम बेरुजु शिर्षकबाट सरकारी खातामा जम्मा गरिसकेको छु भनी प्रतिवादीले वयान गरेको समेतका आधार प्रमाणबाट प्रतिवादीले सरकारी रकम लिने खाने बदनियतले झुठा भरपाई बनाई दोहोरो रुपमा वितरण गरिएको भत्ता रकम खाईमासी आरोपित कसुर गरेको पुष्टि भएको।

ख) प्रतिवादीले झुठा भरपाई बनाई समाजिक सुरक्षा भत्ता वापतको रकम हिनामिना गरेको कार्य "बेरुजु" नभई भ्रष्टाचार निवारण ऐन बमोजिमको "कसूरजन्य कार्य" भएकोमा निज प्रतिवादीले उक्त हिनामिना गरेको रकम बेरुजु शिषर्कमा सरकारी खातामा दाखिला गरेको देखिएको भनी निज प्रतिवादीलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण रहेको। "प्रतिवादीले मासी खाएको रकम बेरुजु प्रकृतिको नभई आफ्नो जिम्मामा रहेको रकम मासी खाने, दुरुपयोग गर्ने गलत मनसायबाट भएको कार्य भ्रष्टाचारजन्य कसूर अन्तर्गत पर्ने" (स अ बुलेटिन वर्ष १८ अंक १९ माघ २०६६ पुर्णाङ्क ४२१ पृ २९) भनी सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्दान्त तथा फैसला समेतको प्रतिकूल हुने गरी भएको फैसला त्रुटीपूर्ण हुँदा बदरभागी रहेको।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल